☎ ०६१-४६५०६३
०६१-४६५०६०
०६१-४६२३०४
०६१-४६३०६९
फ्याक्स: ०६१-४६५०६३
Email: info.hcpokhara@supremecourt.gov.np
admin.hcpokhara@supremecourt.gov.np

# उच्च अदालत पोखरा

२०७३

**प्रशासन शाखा**

पत्र संख्या :२०७६।०७७

चलानी नं :

प्राप्त पत्र संख्या र मिति

# सूचना! सूचना!! सूचना!!!

***सूचना प्रकाशित मितिः२०७७/०४/९***

अदालतका नियमित काम कारवाही र सेवा प्रवाह सिमित गरिएको मिति देखि वन्दावन्दी(लकडाउन) खुलेको मिति सम्मको अवधीलाई न्यायीक काम कारवाहीको प्रयोजनको लागि शून्य अवधि मानि सो अवधिमा हदम्याद , तारिख लगायतको गणना नगर्ने वन्दावन्दी खुलेको मितिले बाटोको म्याद बाहेक ३०(तिस) दिन भित्र उपस्थित भएमा हदम्याद, म्याद वा तारेख नगुज्रने गरी सम्मानीत सर्वोच्च अदालत वृहत पूर्ण इजलासबाट मिति २०७७/०२/१५ मा आदेश भएको । नेपाल सरकारको मिति २०७६/१२/९ को निर्णय ले मिति २०७६ साल चैत्र ११ गते देखी लागू भएको वन्दावन्दी(लकडाउन) सम्वन्धि व्यवस्था मिति २०७७/४/६ गते मंगलबार मध्यरातपछि अन्त्य गर्ने गरि नेपाल सरकार मन्त्रिपरिषदबाट मिति २०७७/४/५ गते निर्णय भएको सन्दर्भमा सम्मानीत सर्वोच्च अदालत बृहत इजलासको उल्लेखित आदेशको व्यवस्था र प्रदान भएको सुविधामा प्रतिकुल असर नपर्ने गरि देहाय बमोजिम हुने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. जिल्ला(कास्की) भित्र यात्रु वाहक सार्वजनिक यातायात मिति २०७७ श्रावण ८ गतेबाट सञ्चालनमा आएको सन्दर्भमा कास्की जिल्ला भित्रका हदम्याद, म्याद , तारेखमा उपस्थित हुनुपर्ने अवस्थाका सेवाग्राहीहरु वन्दावन्दी खुलेको मिति देखि देहाय बमोजिम बाटाको म्याद बाहेक ३०(तिस) दिन भित्र उपस्थित हुन जानकारी गराइन्छ ।

<u>तपसिल:</u>

| क्र.स | तारेख दिने दिन | साविकको तारेख रहेको दिन | कैफियत |
|---|---|---|---|
| १ | २०७७।४।११ र १२ गते | २०७६ चैत्र ११ गतेदेखी १४ गते सम्म | |
| २ | २०७७।४।१३ र १४ गते | २०७६ चैत्र १६ गतेदेखी २१गते सम्म | |
| ३ | २०७७।४।१५ र १६ गते | २०७६ चैत्र २३ गतेदेखी २८ गते सम्म | |
| ४ | २०७७।४।१८ र १९ गते | २०७६ चैत्र ३० गतेदेखी २०७७ साल बैशाख ५ | |

☎ ०६१-४६५०६३
०६१-४६५०६०
०६१-४६२३०४
०६१-४६३०६९
फ्याक्स: ०६१-४६५०६३
Email: info.hcpokhara@supremecourt.gov.np
admin.hcpokhara@supremecourt.gov.np

# उच्च अदालत पोखरा

२०७३

**प्रशासन शाखा**

पत्र संख्या :२०७६।०७७

चलानी नं :

प्राप्त पत्र संख्या र मिति

| | | | |
|---|---|---|---|
| ५ | २०७७।४।२० र २१ गते | २०७७ बैशाख ७ गतेदेखी १२ गते सम्म | |
| ६ | २०७७।४।२२ र २३ गते | २०७७ बैशाख १४ गतेदेखी १८ गते सम्म | |
| ७ | २०७७।४।२५ र २६ गते | २०७७ बैशाख २१ गतेदेखी २६ गते सम्म | |
| ८ | २०७७।४।२७ र २८ गते | २०७७ बैशाख २८ गतेदेखी जेष्ठ २ गते सम्म | |
| ९ | २०७७।४।२९ र ३० गते | २०७७ जेष्ठ ४ गतेदेखी वन्दावन्दीको बाँकि अवधी सम्म तोकिएको तारेख | |
| १० | २०७७/४/३२ गते | वन्दावन्दी(लकडाउन) को उपरोक्त मितिमा तारेख तोकी अर्को तारेख लिन नसकेका पक्षलाई | |

उल्लेखित समयमा तारेख लिन आउन असम्भव हुने मुद्दाका पक्षहरुलाई मिति २०७७/५/७ गतेसम्म सार्वजनिक विदाको दिन बाहेक जुनसुकै दिन तारेख लिन आए पनि तारेख दिने । दुवैपक्ष उपस्थित भएका मुद्दा, थुनुवा मुद्दा, नेपाल सरकार वादी भएका तारेखमा रहेका सबै प्रतिवादी उपस्थित भएका मुद्दा र एकतर्फी मुद्दाहरु समेत मिति २०७७/४/१८ गते देखि पेशी चढाई सुनुवाई गर्ने । एक पक्षमात्रै उपस्थित भएमा ३०(तिस) दिन कटाएर तारेख तोक्ने ।

अदालतमा उपस्थित हुन आउने कर्मचारी, कानुन व्यवसायी, एवं सेवाग्राही सबैको थर्मल गनबाट ज्वरो आए/नआएको मापन गरी अनिवार्य मास्क प्रयोग गर्नु पर्ने, अदालतको मूल प्रर्वेशद्वारमा आफ्नो अदालत उपस्थितिको प्रयोजन खुलाई दर्ता गरी जुन स्थान(फाँट)मा काम हो सोही स्थान(फाँट)मा गई काम गरी आफ्नो काम समासी पछी अदालतमा अलमल नगरी फर्कि जाने गर्नुहुन समेत अनुरोध गरिन्छ ।

(विश्वनाथ अर्याल)
उप-रजिष्ट्रार
उप-रजिष्ट्रार